# REED Nepal
## शाखा कार्यालय, सोलुखुम्बु
## कर्मचारी आवश्यकता

मिति : २०७५/०७/०७

ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्र (REED Nepal) विगत लामो समयदेखि सोलुखुम्बु जिल्लामा **गुणस्तरीय शिक्षा, हाम्रो प्रतिवद्धता** भन्ने मुल आशयका साथ शिक्षा क्षेत्रमा क्रियाशील गैर सरकारी संस्था हो । हाल पनि सोलुखुम्बु जिल्लाका सवै गाउँपालिका र नगरपालिकामा यसले शिक्षा र वातावरण सम्बन्धी कार्य गर्दै आइरहेको छ । यस संस्थाले महाकुलुङ गाउँपालिकाको आर्थिक सहयोगमा कार्त्तिक, २०७५ देखि असार, २०७६ सम्म गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विद्यालयको क्षमता विकास कार्यक्रम संचालन गर्न गइरहेको हुनाले सोका लागि आवश्यक योग्यता पुगेका नेपाली नागरिकहरुवाट तपशिल बमोजिमको पदका लागि दरखास्त आव्हान गरिन्छ ।

**पद : सामुदायिक परिचालक – १ जना**
**कार्य क्षेत्र : सोलुखुम्बु जिल्लाको महाकुलुङ गाउँपालिका**
**अवधिः ९ महिना (पछि थप हुन सक्ने)**

**मुख्य जिम्मेवारी :**

- गाउँपालिकासंग गरिएको सम्झौता वमोजिम कार्यक्रमहरुको योजना तयार गरि कार्यान्वयन गर्ने
- गाउँपालिका र REED Nepal को समन्वयमा कार्यक्रम संचालन गर्ने
- स्थानीय विद्यालयहरु, गाउँपालिका, अभिभावकहरु संग समन्वयात्मक ढंगले कार्य गर्ने
- निरन्तर विद्यालयहरु भ्रमण गर्ने, विद्यालयहरुलाई परियोजना अन्तर्गतको आवश्यक सहयोग पुऱ्याउने
- समय समयमा प्र.अ बैठकहरु संचालन गर्ने, परियोजनाको समिक्षा वैठकको लगायत अन्य स्थानीय स्तरका बैठकहरु तथा भेलाहरु आयोजना गरि सहजीकरण गर्ने
- कार्यक्रमको प्रगतीको प्रतिवेदन तयार गर्ने र सम्वन्धित निकायहरुमा पेश गर्ने
- तालिमहरुको आयोजना गर्ने र सहजीकरणमा सहयोग पुऱ्याउने
- पुस्तकालय व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

**योग्यता :**

- मान्यता प्राप्त शैक्षिक संस्थावाट १०+२ वा सो सरह उत्तीर्ण भएको
- कम्तिमा १ वर्ष शैक्षिक क्षेत्रमा कार्यअनुभव भएको
- कम्प्युटर, ईमेल, ईन्टरनेट सम्बन्धी ज्ञान भएको
- समुदायसंग छिटै घुलमील हुन सक्ने
- महिला, दलित, जनजाती, अपाङ्ग, स्थानीय र उपल्लो योग्यतालाई विशेष प्राथमिकता दिइनेछ ।

माथि उल्लेखित शर्तहरु पूरा गरेका इच्छुक योग्य उम्मेदवारहरुले निवेदन र आफ्नो व्यक्तिगत विवरण (CV) सहित दरखास्त मिति २०७५ कार्तिक १३ गते कार्यलय समय भित्र REED Nepal को फिल्ड कार्यालय, सल्लेरी सोलुखुम्बुमा पठाउनको लागि अनुरोध गरिन्छ । उक्त मिति भन्दा पछाडी प्राप्त दरखास्तहरु स्विकृत हुनेछैन । प्रारम्भिक चरणको छनौटमा परेकाहरुलाई मात्र अन्य प्रक्रियामा समावेश गरिनेछ । कर्मचारी छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।